# तेजगंगा बहुमुखी क्याम्पस

# शैक्षिक प्रसासन बिनियम २०७१

क्याम्पस संचालन नियमावली २०५७ (दोश्रो संशोधन २०७१ सहित) को दफा ११(२) ले दिएको अधिकार प्रयोग गरी सञ्चालक समितिले क्याम्पसको शैक्षिक प्रशासनलाई व्यबस्थित गर्न यो बिनियम तर्जुमा गरी लागु गरिएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. नाम तथा प्रारम्भः**

(क) यो बिनियमको नाम "तेजगंगा बहुमुखी क्याम्पस शैक्षिक प्रशासन बिनियम २०७१" रहेको छ ।

(ख) यो बिनियम सञ्चालक समितिले पारित गरेको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा र व्याख्याः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) "क्याम्पस" भन्नाले तेजगंगा बहुमुखी क्याम्पस सम्झनु पर्दछ ।

(ख) "क्याम्पसप्रमुख" भन्नाले क्याम्पस नियम अनुसार नियुक्त क्याम्पसप्रमुख भन्ने सम्झनु पर्दछ ।

(ग) "सहायक क्याम्पसप्रमुख" भन्नाले क्याम्पस नियम अनुसार नियुक्त सहायक क्याम्पसप्रमुख भन्ने सम्झनु पर्दछ ।

(घ)"कार्यक्रम संयोजक" भन्नाले यस बिनियम बमोजिम नियुक्त कार्यक्रम प्रमुख सम्झनु पर्दछ ।

(ङ)"शैक्षिक प्रशासन" भन्नाले क्याम्पसको नियमित शैक्षिक कार्यक्रम तथा शैक्षिक आयोजनाहरु क्याम्पसप्रमुख माताहत रहनेगरी यस बिनियम बमोजिम गठित समिति तथा उपसमितिबाट गरिने कार्य समेतलाई जनाउँदछ ।

(च)"बिषयप्रमुख" भन्नाले बिषयगत समिति प्रमुखलाई जनाउँदछ ।

(छ) "लेखाप्रमुख" भन्नाले क्याम्पसको लेखाशाखाको प्रमुखलाई जनाउँदछ ।

(ज)"परीक्षा समिति" भन्नाले क्याम्पसको आन्तरीक तथा बाह्य परीक्षालाई ब्यबस्थापन गर्न गठित परीक्षा समितिलाई सम्झनु पर्दछ । कुनै परीक्षाका लागि छुट्टै ब्यबस्था भएमा सोही अनुसार हुनेछ ।

## परिच्छेद- २

## संगठन र संरचना

**३. क्याम्पसको शैक्षिक प्रशासनको संगठन र संरचना यस प्रकार रहनेछ :**

(क) क्याम्पसप्रमुख

(ख) सहायक क्याम्पसप्रमुख

(ग) कार्यक्रम संयोजक/सङ्कायप्रमुख

(घ) बिषयगतप्रमुख

(ङ) शोध तथा अनुसन्धान शाखा

(च) प्रशासन शाखा

(छ) परीक्षा शाखा

(ज) लेखा शाखा

(झ) पुस्तकालय शाखा

(ञ) भण्डार शाखा

(ट) प्रबिधि शाखा

## परिच्छेद-३

## क्याम्पसप्रमुख र सहायक क्याम्पसप्रमुख

**४. क्याम्पस प्रमुख**

क्याम्पसप्रमुख सम्बन्धी व्यबस्था क्याम्पस नियम २०७१ ले व्यबस्था गरे बमोजिम हुनेछ।

**५. सहायकक्याम्पसप्रमुख**

सहायक क्याम्पसप्रमुख सम्बन्धी व्यबस्था क्याम्पस नियम २०७१ ले व्यबस्था गरे बमोजिम हुनेछ।

## परिच्छेद-४

## सङ्काय संयोजक

६. क्याम्पसले सञ्चालन गर्ने र गरिरहेका बिभिन्न सङ्कायहरु, तह र कार्यक्रमको प्रभावकारी सञ्चालन गर्न सहायक क्याम्पसप्रमुखको परामर्शमा क्याम्पसप्रमुखको सिफारिस बमोजिम सञ्चालक समितिले कार्यक्रम संयोजकको नियुक्ति गर्नेछ।

७. सङ्काय संयोजकको पदाबधि २ बर्षको हुनेछ।

८.सङकाय संयोजकको सेवा सुबिधा सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-५

## बिषयप्रमुख

९. क्याम्पसले सञ्चालन गर्ने र गरिरहेका बिभिन्न बिषयगत कक्षाहरुको प्रभावकारी सञ्चालन गर्न सहायक क्याम्पसप्रमुख र कार्यक्रम संयोजकको परामर्शमा क्याम्पसप्रमुखको सिफारिस बमोजिम सञ्चालक समितिले बिषयगत प्रमुखको नियुक्ति गर्नेछ ।

१०. बिषयप्रमुखको पदाबधि बढिमा २ बर्षको हुनेछ ।

## परिच्छेद-६

## समिति गठन सम्बन्धी व्यबस्था

**११. शैक्षिक परामर्श समिति**

(क) शैक्षिक परामर्श समितिको संयोजक क्याम्पस प्रमुख हुनेछ ।

(ख) समितिमा सहायक क्याम्पसप्रमुख, कार्यक्रमप्रमुख र बिषयप्रमुख सदस्य रहनेछन् ।

(ग) समितिको बैठक हरेक २ महिनामा न्युनतम १ पटक बस्नुपर्दछ ।

**(घ) समितिका कार्यहरु**

(१) बार्षिक कार्यक्रमहरु तर्जुमा गर्ने ।

(२) नियमित शैक्षिक कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।

(३) आबधिक तथा दीर्घकालीन शैक्षिक परियोजनाहरु तयार गर्ने ।

(४) आबधिक तथा बार्षिक कार्य प्रगतिबिबरण तयार गर्ने ।

(५) आन्तरिक तथा बार्षिक परीक्षा कार्यक्रमको कार्यनीति तयार गर्ने ।

(६) बिभिन्न समितिहरुकाबीच समन्वयकारी भुमिका निर्बाह गर्ने ।

(७) बिद्यार्थी भर्ना तथा शैक्षिक गुणस्तर कायम राख्न योजना बनाउने तथा कार्यान्वयन गर्ने, गराउने ।

**१२. सङ्काय समिति**

(क) यस समितिमा सङकाय संयोजक समितिको संयोजक रहनेछ ।

(ख) सम्बन्धित बिषयगत वा बिभागीय समितिका प्रमुखहरु यस समितिका पदेन सदस्य रहनेछन् ।

(ग) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

**(घ) समितिको कार्य**

(१) सम्बन्धित सङ्कायका बार्षिक शैक्षिक कार्यक्रमहरु तर्जुमा गर्ने ।

(२) नियमित शैक्षिक कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।

(३) सङ्कायका आबधिक तथा दीर्घकालीन शैक्षिक परियोजनाहरु तर्जुमा गर्ने ।

(४) आबधिक तथा बार्षिक कार्य प्रगतिबिबरण तयार गर्ने ।

**१३. बिषयगत समिति**

(क) प्रत्येक सङ्कायमा पृथक तथा समुहगत बिषयहरु प्राध्यापन गर्ने शिक्षकहरुबाट बिषयगत समितिको गठन गरिनेछ ।

(ख) बिषयगत समितिमा कम्तिमा पाँच शिक्षक भएमा बिषयगत समिति गठन गर्न सकिनेछ ।

(ग) बिषयगत समिति बिषयगत कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि क्याम्पसप्रमुख र सङ्काय संयोजकप्रति जबाफदेही हुनेछ ।

**१४. परीक्षा समिति**

(क) शैक्षिक गुणस्तर कायम राख्न मुल्याङ्कन बिधिलाई प्रभाबकारी बनाउने हेतुले क्याम्पसमा बढिमा ५ सदस्यीय परीक्षा समिति गठन गरिनेछ ।

(ख) शैक्षिक परामर्श समितिले प्राध्यापकहरु मध्येबाट संयोजक तथा सदस्यहरु तोक्नेछ ।

(ग) स्नातक तहमा बर्षमा ३ पटक वा आवश्यकता अनुसार आबधिक र आन्तरिक परीक्षाहरु सञ्चालित हुनेछन् ।

(घ) समितिले आन्तरिक परीक्षाहरुको कार्ययोजना, परीक्षा कार्यतालिका तयार गर्ने, परीक्षा सञ्चालन गर्ने, जिम्मेवारी तोक्ने, परीक्षाफल प्रकाशित गर्ने, उत्तर पुस्तिकाको लगत राख्ने आदि कार्यहरु गर्नेछ ।

**१५. अतिरिक्तक्रियाकलाप समिति**

(क) बिद्यार्थीहरुको शारीरिक, मानसिक तथा बौद्धिक बिकासका लागि अतिरिक्त क्रियाकलापको ब्यबस्था गरिनेछ ।

(ख) शैक्षिक परामर्श समितिको सुझाब र सल्लाहमा क्याम्पसप्रमुखले अतिरिक्त क्रियाकलाप प्रमुख, कर्मचारी, बिद्यार्थी, प्राध्यापक प्रतिनिधि संलग्न गरी बढिमा ७ जनाको एक अतिरिक्त क्रियाकलाप समिति गठन गरिनेछ ।

(ग) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

**(घ) समितिका कार्यहरु**

१) खेलकुद सामग्री तथा अन्य नियमित वा आबधिक शैक्षिक सामग्रीहरुको व्यबस्था मिलाउने ।

२) खेलकुद तथा बिद्यार्थीका लागि बौद्धिक अभ्यासका आन्तरिक तथा बाह्य प्रतिस्पर्धा गराउने तथा गैरप्रतिस्पर्धात्मक कार्यक्रमहरु गर्ने ।

३) क्याम्पसले आयोजना गर्ने सभा, गोष्ठी, छलफल तथा अन्तरकृया जस्ता सार्बजनिक कार्यक्रमहरुको व्यबस्थापन गर्ने ।

४) बिद्यार्थीका लागि आन्तरिक तथा अन्तरक्याम्पस खेलकुद तथा बौद्धिक अभ्यासका कार्यक्रमहरु सन्चालनका लागि योजना बनाउने, कार्यान्वयन गर्ने ।

## परिच्छेद -७

## शाखा सम्बन्धी व्यबस्था

### १६. प्रशासन शाखा

(क) प्रशासनिक अभिलेख, कर्मचारी एवम् शिक्षकहरुको बिबरण र शैक्षिक कार्यतालिका व्यबस्थित र अद्यावधिक राख्न प्रशासन शाखाको व्यबस्था गरिनेछ ।

(ख) प्रशासनको कर्मचारीप्रमुख प्रशासन शाखाको पनि प्रमुख हुनेछ ।

(ग) कर्मचारी प्रमुखको सेवा, शर्त, सुबिधा तोकिएबमोजिम हुनेछ ।

**(घ) प्रशासनशाखाका कार्यहरु**

१) शिक्षक, कर्मचारी र बिदाको अभिलेख राख्ने ।

२) प्रशासन, लेखा, पुस्तकालय तथा भण्डार शाखाको कार्य सुव्यबस्थित गर्ने कार्यमा क्याम्पसप्रमुखलाई सहयोग गर्ने ।

३) क्याम्पसको भौतिक संरचनाको सुव्यबस्था गर्ने ।

४) क्याम्पसप्रमुखको निर्देशनमा आवश्यक कार्य गर्ने ।

### १७. लेखा शाखा

(क) लेखाप्रमुख लेखा शाखाको प्रमुख हुनेछ ।

(ख) लेखाप्रमुखको सेवा, शर्त तथा सुबिधा बिनियमले निर्धारण गरेबमोजिम हुनेछ ।

**(ग) लेखा शाखाका कार्यहरु**

१) बिधान र बिनियममा तोकिएबमोजिम लेखा राख्ने ।

२) आन्तरिक र बाह्य लेखापरीक्षण कार्यमा सहयोग पुर्‍याउने ।

३) सन्चालक समितिले तोकिदिएका शुल्कहरु उठाउने तथा बिलभर्पाई दुरुस्त राख्ने ।

४) असुलउपर, शुल्कहरुदैनिकरुपमा बैंक दाखिला गराउने ।

५) बार्षिक बजेट बनाउन सहयोग गर्ने ।

६) क्याम्पसप्रमुखले दिएको निर्देशन पालना गर्ने ।

**१८. पुस्तकालय शाखा**

(क) क्याम्पसमा अनिबार्यरुपमा पुस्तकालयको व्यबस्था गरिनेछ ।

(ख) पुस्तकालयलाई व्यबस्थित र स्तरीय बनाउनका लागि क्याम्पस सन्चालक समितिले बढिमा ५ जनाको पुस्तकालय सल्लाहकार समिति गठन गर्नेछ ।

(ग) पुस्तकालयलाई व्यबस्थित र नियमित गर्नाकालागि क्याम्पस सन्चालक समितिले पुस्तकालय प्रमुख र अन्य कर्मचारीहरुको व्यबस्था गर्नेछ ।

**(घ) पुस्तकालय शाखाका कार्यहरु**

१) पुस्तकालय व्यबस्थापन सम्बन्धी योजना बनाउने ।

२) पुस्तकहरुको सुची तयार गर्ने, बितरण नियमहरु बनाउने ।

३) पुस्तकहरु हिनामिना हुनबाट रोक्ने तथा जतन गर्ने उपायहरु अपनाउने ।

४) पुस्तकालय सल्लाहकार समिति र क्याम्पसप्रमुखको निर्देशन पालन गर्ने ।

**१९. प्रबिधि शाखा**

क्याम्पसमा आवश्यकतानुसार सम्बन्धित प्राबिधिक जनशक्तिको व्यबस्था गरी क्याम्पसमा बिद्युत, पानीको नियमित व्यबस्थापन गर्न, कम्प्युटर सम्बन्धी र बिज्ञान तथा अन्य प्रबिधि सम्बन्धी प्रयोगशालाको व्यबस्थापन गर्न एक प्रबिधि शाखाको व्यबस्था गर्न सकिनेछ ।

**२०. भण्डार शाखा**

(क) क्याम्पसमा टीकाउ तथा खपत भएरजाने सम्पत्ति प्राप्त गर्ने, अभिलेख राख्ने, बिबरण तयार गर्ने, माग बमोजिम निकासा दिने, मागलाई व्यबस्थित गर्न भण्डार शाखाको व्यबस्था गरिनेछ ।

(ख) भण्डार शाखाको प्रमुख शिक्षक, कर्मचारी सेवा बिनियममा तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद- ८

## प्राज्ञसभा

**२१. प्राज्ञसभा**

क) क्याम्पसको शैक्षिक प्रशासनको महत्वपुर्ण अङ्गकोरुपमा क्याम्पस प्राज्ञसभा रहनेछ । यो सभा एक शैक्षिक शत्रमा अर्धबार्षिक तथा बार्षिक शैक्षिक प्रगति समीक्षाका लागि २ पटक बस्नेछ ।

**ख) गठन तथा कार्यबिधिः**

प्राज्ञसभाको अध्यक्षता क्याम्पसप्रमुखले गर्नेछन् । क्याम्पस सन्चालक समितिका अध्यक्ष, उपाध्यक्ष र बिद्यार्थी प्रतिनिधिसहित क्याम्पसका सबै प्राध्यापक तथा कर्मचारीहरु यस सभामा प्रत्यक्ष सहभागी हुनेछन् ।

शैक्षिक परामर्श समितिले अर्धबार्षिक तथा बार्षिक शैक्षिक प्रगतिबिबरण पेश गर्नेछ । प्रतिबेदन माथिका छलफल, टिप्पणी तथा सुझाबहरु क्याम्पस सन्चालक समितिमा पेश गर्नुपर्नेछ । प्राज्ञसभामा प्रतिष्ठित, बिद्वान् वा सन्चालक समितिको अध्यक्ष प्रमुख अतिथि हुनेछन् ।

## परिच्छेद- ९

## प्राध्यापक तथा कर्मचारीहरुको पेशागत सङ्गठन

### २२. प्राध्यापक सङ्घ

क) क्याम्पस प्राध्यापकहरुको पेशागत हकहित संरक्षण गरी क्याम्पसको उन्नति र बिकासमा सहयोग गर्न क्याम्पसमा प्राध्यापक सङ्घ एकाई गठन हुनेछ ।

ख) यसको निर्बाचन, कार्यबिधि, पदाबधि, काम कर्तब्य र अधिकार सम्बन्धी कर्मचारी सङ्को बिधान अनुरुप हुनेछ ।

## परिच्छेद- १०

## बिद्यार्थीपरिषद

२४. क्याम्पसमा एक बिद्यार्थी परिषद गठन हुनेछ । स्व.बि.यु. को उद्देश्य, कार्यबिधि, सदस्यता, साधारण सभा, कार्यसमिति बैठक आदिका बारेमा सन्चालक समितिबाट छुट्टै बिनियम बनाई लागु गरेबमोजिम हुनेछ ।

## परिच्छेद- ११

## विविध

### २५. कार्यसम्पादन मुल्याङ्कन

क) प्रत्येक प्राध्यापक तथा कर्मचारीहरुको व्यक्तिगत बिबरण तयार गरिनेछ ।

ख) प्रत्येक प्राध्यापक तथा कर्मचारीहरुको स्तरोन्नति तथा सुबिधा निर्धारणका लागि कार्य सम्पादन मुल्याङ्कन गरिनेछ । मुल्याङ्कन फारमहरुको ढाँचा अनुसुचीमा तोकिएबमोजिम हुनेछ ।

ग) क्याम्पसप्रमुखले सङ्काय प्रमुख तथा प्रशासकहरुको सम्बन्धित पदाधिकारीहरुसंगको परामर्शमा सबै प्राध्यापक तथा कर्मचारीहरुको कार्यसम्पादन मुल्याङ्कन अङ्कभार तोक्नेछ । कार्य सम्पादन मुल्याङ्कन बिबरण व्यबस्थापन समितिमा बार्षिक अनुमोदनका लागि पेश गरिनेछ ।

घ) क्याम्पसप्रमुखको कार्यसम्पादन मुल्याङ्कन क्याम्पस सन्चालक समितिका उपाध्यक्षले गर्नेछन् ।

ङ) कार्यसम्पादन मुल्याङ्कनको पुनरावलोकन गर्ने दायित्व सन्चालक समितिको अध्यक्षको हुनेछ ।

## २६. शोध तथा अनुसन्धान समिति

क) प्राध्यापक कर्मचारीहरुको प्राज्ञिक एबम् बौद्धिक क्षमता अभिबृद्धि गर्ने, शोध अनुसन्धान तर्फ अभिप्रेरित गराई प्राज्ञिकउन्नयनका लागि अवसर प्रदान गर्ने, बिद्यार्थीलाई विश्वबिद्यालय उपाधि ग्रहणका लागि स्थलगत अनुसन्धान आयोजना प्रतिबेदन जस्ता अनिबार्य वा ऐच्छिक शोधपत्रहरु तयारगर्ने कार्यमा सहयोग पुर्‍याउने उद्देश्यले क्याम्पसमा शोध तथा अनुसन्धान शाखाको व्यबस्था गरिनेछ ।

ख) क्याम्पसप्रमुखको सिफारिसमा प्राध्यापकहरु मध्येबाट कम्तिमा ३ सदस्यीय शोध तथा अनुसन्धान सेलको व्यबस्था गरिनेछ ।

ग) अनुसन्धान शाखाका लागि बेग्लै पुर्बाधारको व्यबस्था गरिनेछ ।

**घ) शोध तथा अनुसन्धान शाखाका कार्यहरु :**

१) स्नातक वा स्नाकोत्तर कक्षाका बिद्यार्थीहरुका लागि अनुसन्धनात्मक शोधपत्रको अभिमुखीकरण, प्रशिक्षण कार्यक्रमहरु सन्चालन गर्ने ।

२) तहगत शोधपत्रहरुको मुल्याङ्कन गरी विश्वविद्यालयमा सम्प्रेसित गर्ने ।

३) विश्वविद्यालय अनुदान आयोग, विश्वबिद्यालयहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरु तथा बिदेशी कुटनीतिक नियोगहरुबाट सार्बजनिक भएका लघु अनुसन्धान, साना, मझौला तथा ठुला अनुसन्धान प्रस्ताबहरुमा सहभागी हुने, कार्यान्वयन गर्ने ।

४) आयोजना प्रसतावहरु तयार गर्ने, शोध र अनुसन्धानात्मक लेख रचनाहरु, कृतिहरु तयार गर्ने र प्रकाशन गर्ने ।

५) सम्भाब्यता अध्ययन, ऐतिहासिक, पुरातात्विक, सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक तथा प्राबिधिक खोज तथा अनुसन्धान सम्बन्धी कार्यहरु गर्ने ।

६) प्राध्यापक, कर्मचारी तथा बिद्यार्थीहरुको स्तरोन्नति तथा दक्षता अभिबृद्धि कार्यक्रम अन्तरगत छोटो अबधिका लघु तालिम कार्यक्रम, पेशागत, ब्यबसायिक एबम् उपयुक्त ठानिएका रोजगार तालिम कार्यक्रमहरु सन्चालन गर्न एक तालिम तथा पुनर्ताजगी कक्षको व्यबस्था गरिनेछ ।

## २७. संशोधन, व्याख्या तथा खारेजी

यस बिनियमको संशोधन तथा व्याख्या गर्ने अधिकार क्याम्पस सञ्चालक समितिलाई हुनेछ । यो बिनियम क्याम्पस नियमावली तथा प्रचलित ऐन कानुनसंग बाँझिएमा बाँझिएको हदसम्म अमान्य हुनेछ ।